अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, (तीन पटक) भन्नुभयो, र यस प्रकारको कुरा हामी सबैको हृदयमा आउँछ, तर अल्लाहमाथि तवक्कुल (पूर्ण भरोसा) गर्नाले उहाँले यसलाई हटाइदिनुहुन्छ।

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, (तीन पटक) भन्नुभयो, र यस प्रकारको कुरा हामी सबैको हृदयमा आउँछ, तर अल्लाहमाथि तवक्कुल (पूर्ण भरोसा) गर्नाले उहाँले यसलाई हटाइदिनुहुन्छ।"
[सही] [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले चरा वा जनावर, अपाङ्गता भएका व्यक्तिहरू, संख्याहरू, दिनहरू वा सुन्न वा देख्न सकिने कुनै पनि वस्तुबाट अपशकुन मान्ने कुरा विरुद्ध चेतावनी दिनुभएको छ। जाहिलियत (इस्लाम पूर्व युग) मा चराबाट अशुभ संकेत लिनु सामान्य कुरा भएकोले यहाँ चरा उल्लेख गरिएको छ । अरबहरूले यात्रा, व्यापार वा कुनै पनि काम सुरु गर्न चाहँदा चरा उडाउने गर्थे । चरा दायाँतर्फ उड्यो भने शुभ शगुन मानेर त्यो काम गर्थे । तर बायाँतर्फ उड्यो भने, अशुभ मानेर चाहेको कुराबाट पछि हट्ने गर्थे । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्ता कार्यहरूलाई शिर्क (अल्लाहसँग अन्यलाई साझेदार बनाउनु) भन्नुभयो, किनभने राम्रो ल्याउने र नराम्रो कुराबाट बचाउने अल्लाह बाहेक कोही छैन । अब्दुल्लाह बिन मसुद (रजियल्लाहु अन्हु) भन्नुहुन्छ कि कहिलेकाहीँ मुस्लिमको मनमा केही अशुभ विचार आउँछ, तर उसले त्यसलाई अल्लाहमाथि भरोसा (तवक्कुल) गरेर र आवश्यक साधनहरू (उपायहरू) अपनाएर हटाउनुपर्छ।

http://sunnah.global/hadeeth/ne/show/3383